अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ५ मितिः २०७७/१२/२२

## भाग-१

## थासाङ गाउँपालिका

# थासाङ गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०७७

<u>थासाङ गाउँ सभावाट स्वीकृत मितिः २०७७/१२/२२</u>

थासाङ गाउँपालिका

# थासाङ गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०७७

**प्रस्तावनाः**

थासाङ गाउँपालिका क्षेत्र भित्र सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, पर्यावरण, खेलकुद, विकास वा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्न र कानुन बमोजिम दर्ता भएका संघ संस्थाहरुको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेहिता, र पारदर्शि बनाउदै थासाङ गाउँपालिकाको प्राथमिकताको क्षेत्रमा काम गर्ने वातावरण बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४(ठ) बमोजिम कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम थासाङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भः**

१) यो ऐनको नाम " थासाङ गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन २०७७" रहेको छ ।

२) यो ऐन तुरुन्त लागु हुनेछ ।

३) यो ऐन थासाङ गाउँपालिकाको गाँउ क्षेत्रभित्र लागु हुनेछ ।

२) **परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को नलागेमा यस ऐनमा -

क) "गाउँसभा" भन्नाले थासाङ गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्दछ ।

ख) "गाउँपालिका" भन्नाले थासाङ गाउँपालिकालाई सम्झनुपर्दछ ।

ग) "अध्यक्ष " भन्नाले थासाङ गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

घ) "उपाध्यक्ष" भन्नाले थासाङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

ङ) "स्थानीय अधिकारी " भन्नाले थासाङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा कार्यालयले तोकेको व्यक्तिलाई सम्झनुपर्दछ ।

च) "संस्था" भन्नाले आर्थिक, सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, विकास, पर्यावरण तथा परोपकारी कार्यहरुको विकास प्रवर्द्धन एंव विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था क्लव, आमा समूह, अध्ययन केन्द्र आदि सम्झनुपर्दछ ।

छ) "दातृ निकाय" भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानुन वमोजिम सहयोग गर्ने द्धिपक्षीय तथा वहुपक्षीय विकास साझेदारलाई सम्झनुपर्दछ ।

ज) "अन्तराष्ट्रिय गैर सरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानुन बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्दछ ।

झ) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति वा कार्य समितिलाई सम्झनुपर्दछ ।

ञ) "विधान " भन्नाले संस्थाको विधानलाई सम्झनुपर्दछ ।

ट) "तोकिएको" वा "तोकिए वमोजिम " भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

**३) दर्ता नगरी संस्था खोल्न नहुनेः**

१) यस ऐन बमोजिम थासाङ गाउँपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्न पाइने छैन।

२) प्रचलित नेपाल कानुन बमोजिम अन्यत्र संस्था स्थापना गरी यस थासाङ गाउँपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा वा कार्यक्षेत्र बनाउँदा यस थासाङ गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ। स्वीकृति नलिने संस्थाहरुलाई काम गर्न रोक लगाइ कानुन वमोजिम कार्यवाही गर्न सकिनेछ ।

**४) संस्थाको दर्ता तथा सञ्चालन सम्वन्धी व्यवस्थाः**

१) यो ऐन बमोजिम संस्था दर्ता गर्न चाहाने कुनै सात जना वा सो भन्दा बढि व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई स्थापना गर्न चाहेको संस्थाको विधानको २(दुई) प्रति र तोकिएको दस्तुर सहित तोकिएको अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

क) संस्थाको नाम,

ख) उद्देश्यहरु,

ग) संस्थाको कार्यक्षेत्र र विषय

घ) प्रवन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र तिनपुस्ते विवरण

ङ) स्रोत साधन सम्बन्धी विवरण

च) कार्यालय खोल्ने ठेगाना

छ) पदाधिकारीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

२) सम्वन्धित वडा कार्यालयको सिफारिश पत्र ।

३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरि दर्ता प्रमाणपत्र दिइनेछ ।

४) प्रचलित कानुन बमोजिम अन्य निकायमा दर्ता भै स्थापना र सञ्चालनमा रहेका संस्थाहरु यस ऐन वमोजिम दर्ता/सूचिकरण हुन साविक दर्ता प्रमाणपत्र संलग्न राखि निवेदन दिनुपर्नेछ । संस्थाको नामबाट कानुनले प्रतिबन्ध लगाएको कार्य गर्न पाइने छैन ।

५) उपदफा (३) वमोजिम संस्था दर्ता गर्दा संस्थाको उद्देश्य र कामको प्रकृतिको आधारमा तोकिए बमोजिम वर्गिकरण गरिनेछ ।

६) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, दर्ता नवीकरण र दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५) संगठित संस्था मानिनेः**

१) यस ऐन अन्तर्गत भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।



थासाङ गाउँपालिका

२) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचविखन गर्न सक्नेछ ।

३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुरी लाग्नेछ ।

६) <u>संस्थासँग सहकार्यसम्वन्धी व्यवस्थाः</u>

थासाङ गाउँपालिकाले तोकेको वा स्वीकृति गरेको कुनै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानुनको अधीनमा रही संस्थाहरुसंग सहकार्य गर्न सकिनेछ । सहकार्य सम्वन्धी विधि प्रक्रिया र शर्त तोकिए बमोजिम हुनेछ ।

७) <u>संस्थाको सम्पत्तिः</u>

१) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति राख्नसक्नेछ ।

२) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको विधान विपरित संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा वा कव्जा गरेमा वा रोक्का राखेमा संस्थाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने वा कव्जा वा रोक्का राख्ने संस्था वा व्यक्तिबाट फिर्ता लिन सक्नेछ ।

३) उपदफा (२) बमोजिम सम्पत्ति फिर्ता गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतले आदेश दिन सक्नेछ ।

४) उपदफा (२) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रम्ख प्रशासकीय अधिकृतले गरेको कार्यवाहीमा चित्त नबुझेमा व्यक्ति वा संस्थाले सम्बन्धीत निकायमा उजुरी गर्न सक्नेछ ।

५) संस्थाको सदस्य वा कर्मचारी वा कसैले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै गैर कानुनी कार्य गरेमा संस्था , संस्थाको कुनै सदस्य वा तोकिएको अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

८) <u>संस्था गाभ्ने गाभिने वा उद्देश्यमा हेरफेरः</u>

१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा संस्थामा कुनै अर्को संस्थालाई गाभ्न वा अर्को संस्थासंग गाभिन उचित देखेमा कार्यसमितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

२) साधारण सभा सञ्चालनका लागी आवश्यक गणपुरक उपस्थित सदस्य संख्याको बहुमत सदस्यहरुले प्रास्तवमा सर्मथन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागु गर्न तोकिएको अधिकृतको पूर्व स्वीकृति लिनुपर्नेछ ।

९) <u>हिसावको विवरण पेश गर्नु पर्नेः</u>

कार्य समितिले आफ्नो संस्थाको कामको प्रगति हिसावको विवरण र लेखापरिक्षकको प्रतिवेदन प्रत्येक वर्ष थासाङ गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१०) **हिसाव जाँच गर्नेः**

१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाव आफुले खटाएको वा नियुक्ति गरेको कुनै कर्मचारीद्धारा जाँच गर्न गराउन सक्नेछ ।

२) हिसावजाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको समयमा जवाफ दिनु प्रत्येक संस्थाको पदाधिकारी सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

३) हिसाव जाच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिएको म्याद भित्र हिसावजाचँको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिवेदनका आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृत लाई लागेमा निजले त्यस्तो पदाधिकारी सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी भएको वा जिन्सी असुल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ । अन्य प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा अन्य प्रचलित कानुन बमोजिम निज उपर मुद्दा चलाउन बाधा पर्ने छैन ।

११) **निर्देशन दिनेः**

थासाङ गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१२) **दण्ड सजायः**

१) ऐनको दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना वा सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही ५ (पाँच) सय रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

२) दफा ९ बमोजिम विवरण पेश नगरेमा प्रवन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही २(दुई) सय रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजलाई सजाय मिन्हा दिन सक्नेछ ।

३) दफा १० को उपदफा ३ बमोजिम हिसावजाँच गर्न सम्बन्धीत अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले पाँचसय रुपैया सम्म जरिवान गर्न सक्नेछ ।

४) दफा ८  बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति नलिई सुस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभ्ने गाभिने गरेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुने गरि कामकारवाही गरेमा वा थासाङ गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

थासाङ गाउँपालिका

१३) **पुनरावेदनः**

प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निणर्य उपर ३५ दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

१४) **संस्थाको विघटन र त्यसको परिणामः**

१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पुर्ण जायजेथा गाउँपालिकाको हुनेछ ।

२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथा खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ । तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व गाउँपालिकाले व्यहोर्ने छैन ।

१५) **अन्तराष्ट्रिय गैर सरकारी संस्था सम्वन्धी व्यवस्थाः**

कुनै पनि अन्तराष्ट्रिय गैर सरकारी संस्थाले प्रचलित कानुन बमोजिम थासाङ गाउँपालिका क्षेत्रभित्र कार्य गर्दा थासाङ गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति प्रदान गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१६) **अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः**

यस ऐन बमोजिम दर्ता भएको संस्था प्रचलित कानुन बमोजिम अन्यत्र दर्ता र इजाजत लिई सञ्चालन गर्नु पर्ने रहेछ भने यस ऐन बमोजिम दर्ता भएको संस्थाले सो ऐन बमोजिम दर्ता गरी स्वीकृति लिएर मात्र स्थापना वा सञ्चालन गर्नुपर्नेछ ।

१७) **नियम बनाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

१८) **खारेजी र बचाउः**

१) संस्था दर्ता, नवीकरण सम्वन्धी व्यवस्थापन अन्य प्रचलित कानुनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानुन सँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**आज्ञाले,**
**सन्तोष कुमार खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**

थासाङ गाउँपालिका